# गणपति लघुवित्त वित्तीय संस्था लिमिटेड
GANAPATI LAGHUBITTA BITTIYA SANSTHA LIMITED
(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था)


प.स./च.न.ग.ल.वि.सं.लि.०८१/०८२ - १०१४ मिति : २०८२/०१/२४

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
शान्तिमार्ग, भद्रकाली काठमाण्डौं ।

**विषय : शेयररजिष्ट्रार कार्य गर्ने सम्बन्धी सम्झौता बारे ।**

महोदय,

उपर्युक्त सम्बन्धमा शुक्लागण्डकी-४, तनहुँ जिल्ला स्थित रजिष्ट्रर्ड कार्यालय रहेको श्री गणपति लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर सम्बन्धी सम्पूर्ण कार्य गर्नको लागि मिति २०८२/०१/२५ गते देखि लागु हुने गरि यस एनआइएमबि एस क्यापिटल लिमिटेडलाई शेयर रजिष्ट्रारमा पुनः १ बर्षको लागी नियुक्त गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ । साथै शेयर रजिष्ट्रार सम्बन्धी सम्झौताको प्रतिलिपी यसै पत्रसाथ संलग्न गरि पठाईएको व्यहोरा जानकारीको लागी अनुरोध छ ।

**भवदीय**

विष्णु प्रसाद ढकाल
प्रमुख कार्यकारी अधिकृत

## एनआइएमबि एस क्यापिटल लिमिटेड तथा गणपति लघुवित्त वित्तीय संस्था लिमिटेड बीच भएको शेयर रजिष्ट्रार सम्बन्धी सेवाको सम्झौता पत्र

लाजिम्पाट, काठमाडौं रजिष्टर्ड कार्यालय रहेको एनआइएमबि एस क्यापिटल लिमिटेड कम्पनी ऐन २०६३ अन्तर्गत दर्ता भई नेपाल धितोपत्र बोर्डबाट धितोपत्र सम्बन्धी ऐन, २०६३ अन्तर्गत कार्य गर्न अनुमति प्राप्त मर्चेन्ट बैंकर कम्पनी (यसपछि प्रथम पक्ष भनिएको) को तर्फबाट नायब प्रमुख कार्यकारी अधिकृत **श्री सचिन्द्र ढुङ्गाना** ।

र

दुलेगौंडा, तनहुँ रजिष्टर्ड कार्यालय रहेको गणपति लघुवित्त वित्तीय संस्था लिमिटेड, प्रचलित कम्पनी ऐन, २०६३ अर्न्तगत दर्ता भई र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम काम कारोवार गर्ने वित्त कम्पनी ( यसपछि द्वितीय पक्ष भनिएको) को तर्फबाट अख्तियार प्राप्त प्रमुख कार्यकारी अधिकृत **श्री विष्णु प्रसाद ढकाल** ।

द्वितीय पक्षले प्रथम पक्षलाई आफ्नो शेयर रजिष्ट्रार सम्बन्धी सेवा प्रदान गर्नको लागि प्रस्ताव गरेको र यस सम्झौताको अधिनमा रहि उक्त सेवा प्रदान गर्न प्रथम पक्षले मन्जुर गरेकोले प्रथम पक्ष र द्वितीय पक्ष बीच आपसी सहमति भई यो सम्झौता १ (एक) बर्ष अवधिको लागि गरिएको छ । प्रथम पक्षले उक्त सेवा प्रदान गर्ने क्रममा निम्न लिखित शर्त बन्देजको अधिनमा रही **मिति २०८२ साल बैशाख महिना २५** गते देखि लागु हुने गरी शेयर रजिष्ट्रार सम्बन्धी सेवा लिन दिन हामी दुबै पक्ष मन्जुर भएकोले यस सम्झौतापत्रमा हस्ताक्षर गरी एक/एक प्रति लियौं दियौं ।

**शर्त तथा बन्देजहरु :**

द्वितीय पक्षको शेयरहरु धितोपत्र बजार मार्फत खरिद, बिक्री, विनिमय वा अन्य कुनै व्यहोराले हस्तान्तरण भएमा त्यस्तो शेयरको दाखिल खारेज वा नामसारी सम्बन्धी सेवा प्रदान गर्दा कम्पनीले कम्पनी ऐन, २०६३, धितोपत्र सम्बन्धित ऐनहरु तथा अन्य प्रचलित कानूनको अधिनमा रहि शेयर रजिष्ट्रार सम्बन्धी सेवा उपलब्ध गराउने छ । शेयर रजिष्ट्रार सम्बन्धी सेवा अन्तर्गत प्रथम पक्षले निम्न सेवाहरु प्रदान गर्नेछ र उक्त कुरामा द्वितीय पक्षले मन्जुर गरेकोछ ।

१) द्वितीय पक्षको तर्फबाट शेयरधनीहरुको विवरणको लगत खडा गरी सो लगत कम्प्युटर सफ्टवेयरमा अद्यावधिक गरी राख्ने र सो को लागि लाग्ने कम्प्युटर सफ्टवेयर सम्बन्धी खर्चहरु द्वितीय पक्षले प्रथम पक्षलाई बील बमोजिम भुक्तानी गर्नेछ ।

२) प्रथम पक्षले नियमानुसार हक हस्तान्तरण वा धितो राखेको वा रोक्का सम्बन्धी व्यहोरा जनाउन स्वीकृत गरी पठाएका कारोबारहरुको अभिलेख राखी शेयरधनीको लगत अध्यावधिक बनाइ राख्ने ।

३) प्रथम पक्षले द्वितीय पक्षको शेयरधनी सम्बन्धी विषयमा आवश्यकता अनुसार सम्बन्धित शेयरधनीसंग जनसम्पर्कको कार्य गर्ने र द्वितीय पक्षबाट प्राप्त शेयरधनी सम्बन्धी सूचना शेयरधनीहरुलाई उपलब्ध गराउने ।

४) शेयर कारोबार सम्बन्धमा जनसम्पर्क (Public Relation) को विषयमा द्वितीय पक्षलाई राय सुझाव दिने ।

५) द्वितीय पक्षको कुनै शेयरधनीको मृत्यु भई वा अंश अपुताली परि वा अदालतको फैसला / मिलापत्रबाट सम्बन्धीत हकवाला वा सरोकारवालाले शेयर नामसारीको लागि आवश्यक सबुद प्रमाणको साथै अन्य



NIMB ACE CAPITAL
Managing shares. Managing investments.
(Wholly Owned Subsidiary of Nepal Investment Mega Bank Ltd.)

कागजातहरु समेत संलग्न गरी कुनै शेयरधनीले द्वितिय पक्षको कार्यालयमा निवेदन दिएमा सो को एक प्रति प्रथम पक्षलाई समेत उपलव्ध गराउने ।

६) शेयर रजिष्ट्रार सम्वन्धमा अन्य आवश्यक कार्यहरु प्रथम पक्ष तथा द्वितीय पक्षको सहमतिमा गर्ने ।

७) द्वितीय पक्षले चाहेमा वार्षिक साधारण सभा/संचालक निर्वाचनका लागि द्वितीय पक्षले देहायको व्यवस्था मिलाई सो को जानकारी प्रथम पक्षलाई वार्षिक साधारण सभा हुनु भन्दा कम्तिमा २५ दिन अगाडी प्रथम पक्षलाई गराउने र सो कार्यका लागि प्रथम पक्षले द्वितीय पक्षलाई आवश्यक सहयोग गर्ने । सो कार्यको लागि लाग्ने खर्चहरु द्वितीय पक्षले नै ब्यहोर्ने ।

क) वार्षिक प्रतिवेदनको छपाई ।
ख) वार्षिक प्रतिवेदन वितरण ।
ग) साधारण सभा गर्ने स्थान/हलको प्रबन्ध ।
घ) साधारण सभामा शेयरधनीको उपस्थिति सम्बन्धमा ।
ङ) सभा संचालन ।
च) निर्णय पुस्तिका तयार गर्न र वितरण गर्न ।

८) प्रथम पक्षले द्वितीय पक्षलाई देहाय बमोजिमको सूचना र विवरण उपलब्ध गराउने छ :

क) साधारण सभा हुनु अगाडि दाखिल खारेज बन्द भएको मितिसम्मको शेयरधनीहरुको लगत ।
ख) प्रत्येक आर्थिक वर्षको अन्तमा कायम रहेको शेयरधनीहरुको अद्यावधिक लगत (शेयरधनीको नाम थर, ग्रहण गरेको शेयर संख्या आदि सहितको बिबरण) ।
ग) शेयर कारोवार तथा शेयरधनी लगतका सम्बन्धमा द्वितीय पक्षले मागेको शेयरधनी सम्बन्धि सूचना तथा विवरणहरु ।

९) प्रथम पक्षले द्वितीय पक्षको शेयरधनीहरु सम्बन्धित कागजात प्रमाणित गर्न, शेयरधनीहरुको दस्तखत प्रमाणिकरणमा द्वितिय पक्षको नाम अंकित छाप प्रयोग गरी प्रमाणित गर्न द्वितीय पक्षले प्रथम पक्षलाई यसै सम्झौतापत्रद्वारा अधिकार प्रत्यायोजन गरेको छ । साथै उक्त छाप सुरक्षित राख्ने दायित्य प्रथम पक्षको हुनेछ ।

१०) द्वितीय पक्षले शेयर रजिष्ट्रार सम्बन्धी सेवाका लागि देहाय बमोजिमको सेवा शुल्क प्रथम पक्षलाई भुक्तानी गर्नेछ :

क) द्वितीय पक्षले शेयर रजिष्ट्रार सेवा लिए वापत प्रति बर्ष रु.८५,०००/–(अक्षेरुपी पचासी हजार रुपैंया मात्र) सेवा शुल्क बपात भुक्तानी गर्नेछ । शेयर रजिष्ट्रेशन संग सम्बन्धित अन्य खर्चहरु जस्तै सूचना प्रकाशन शुल्क, हुलाक/कुरिएर शुल्क तथा शेयर रजिष्ट्रार सेवा सम्बन्धित अन्य लागतहरु द्वितीय पक्षले वास्तविक खर्चको आधारमा बिल बमोजिम प्रथम पक्षलाई भुक्तानी गर्नेछ । सेवा शुल्क बापतको रकम यो सम्झौता भएकाले मितिले ७ (सात) दिन भित्र द्वितीय पक्षले प्रथम पक्षलाई भुक्तानी गर्नेछ ।

ख) द्वितीय पक्षको वार्षिक साधारण सभा/संचालक निर्वाचन गर्नको लागि लाग्ने खर्चहरु जस्तै : वार्षिक प्रतिवेदन छपाई, कुरियर खर्च, साधारण सभा स्थलको भाडा, शेयरधनीहरुको लागि चियापान खर्च, अतिरिक्त जनशक्ति ईत्यादी बापतको खर्च द्वितीय पक्षले नै ब्यहोर्ने छ । द्वितीय पक्षको बार्षिक साधारण सभा/संचालक निर्वाचन गर्न प्रथम पक्षले द्वितीय पक्षलाई आवश्यक सहयोग गर्नेछ ।

NIMB ACE CAPITAL
Managing shares. Managing investments.
(Wholly Owned Subsidiary of Nepal Investment Mega Bank Ltd)



लघुवित्त वित्तीय संस्था लिमिटेड
२०७३

ग) द्वितीय पक्षको वार्षिक साधारण सभा/संचालक निर्वाचन गर्नको लागि प्रथम पक्षले जनशक्ति लगायत अन्य सेवा उपलब्ध गराउनु परेमा सो को लागि लाग्ने सम्पूर्ण खर्च द्वितीय पक्षले नै भुक्तानी गर्नेछ ।

घ) प्रथम पक्षले द्वितिय पक्षको एक बर्षमा एउटा मात्रै वार्षिक साधारण सभा गर्ने कार्यमा सहयोग गर्नेछ । यदि एक भन्दा वढी वार्षिक साधारण सभा वा वार्षिक साधारण सभाको साथै संचालकको निर्वाचन गराउनु पर्ने अवस्थामा द्वितीय पक्षलाई प्रथम पक्षले आवश्यक सहयोग गर्नेछ ।

ङ) द्वितीय पक्षले प्रथम पक्षलाई निम्न उल्लेखित शुल्कहरु सम्बन्धित शेयरधनीबाट भुक्तानी लिन अधिकार दिएको छ :–

| | | |
|---|---|---|
| नामसारी शुल्क | - | रु.५/–प्रति कारोबार । |
| शेयरधनीहरुको सूची | - | रु.१०००/–प्रति सि.डी. । |
| शेयरधनीको विवरण प्रमाणिकरण | - | रु.२००/–प्रति शेयरधनी । |

च) द्वितीय पक्षको वार्षिक साधारण सभाले स्वीकृत गरेको नगद लाभांश वितरण गर्न नेपाल क्लियरिङ्ग हाउसको आईपिएस (IPS) मार्फत नगद लाभांश वितरण शुल्क प्रति लाभांशपूर्जा रु. ३ का दरले द्वितीय पक्षले प्रथम पक्षलाई भुक्तानी गर्नेछ ।

छ) लाभाशं रकम बाँड्नु भन्दा अघिल्लो दिन सम्ममा बाँड्नु पर्ने सम्पूर्ण लाभाशं रकम प्रथम पक्षले उपलब्ध गराउने बैंक/वित्तीय संस्थामा रहेको खातामा द्वितीय पक्षले जम्मा गरिसक्नु पर्नेछ । द्वितीय पक्षसँग समन्वय गरी प्रथम पक्षले लाभाशंपूर्जा वितरण गरी सो को नगद भुक्तानीको व्यवस्था मिलाउने दायित्व प्रथम पक्षको हुनेछ ।

ज) लाभाँशपूर्जा वितरण तथा लाभाशं रकम भुक्तानी सम्वन्धि विवरण त्रैमासिक रुपमा प्रथम पक्षले द्वितीय पक्षलाई उपलब्ध गराउने छ ।

झ) द्वितीय पक्षको प्राथमिक निष्काशन शेयर तथा वार्षिक साधारण सभाले स्वीकृत गरेको बोनस/हकप्रद/मर्जर/समुह परिवर्तन बाट जारी हुने शेयर अभौतिक रुपमा शेयरधनीहरुको हितग्राही खातामा जम्मा गर्नुपरेमा प्रति शेयरधनी रु. ३ का दरले द्वितीय पक्षले प्रथम पक्षलाई भुक्तानी गर्नेछ ।

ञ) शेयर रजिष्ट्रार सेवा सँग सम्बन्धित अन्य कुनै खर्चहरु (जस्तै : कुरियर खर्च, मसलन्द तथा स्टेशनरी खर्च आदि) प्रथम पक्षले द्वितीय पक्षको लागि गरेमा उक्त खर्चहरु प्रथम पक्षले माग गरेको ७ (सात) दिन भित्र द्वितीय पक्षले बील बमोजिम भुक्तानी/सोधभर्ना दिनेछ ।

१४) शेयरधनीको विवरण एंव दस्तखत उपर कुनै विवाद उत्पन्न भएमा सो को सम्पूर्ण दायित्व प्रथम पक्षको हुनेछ ।

१५) शेयरधनीको अभिलेख विवरण, दस्तखत लगायत कानून बमोजिम राख्नु पर्ने गोप्यताको जिम्मेवारी प्रथम पक्षको हुनेछ । सरोकारवाला बाहेक अन्यलाई त्यस्तो अभिलेख विवरण प्रथम पक्षले उपलब्ध गराउने छैन ।

१६) यो सम्झौताको अवधि यस सम्झौता लागु भएको मितिले एक (१) बर्षको लागि हुनेछ र प्रथम पक्ष तथा द्वितीय पक्षको आपसी सहमतिमा सम्झौताको म्याद समेत थप गर्न सक्नेछ ।

NIMB ACE CAPITAL
Managing shares, Managing investments.
(Wholly Owned Subsidiary of Nepal Investment Mega Bank Ltd)

१७) प्रथम पक्ष तथा द्वितीय पक्षको आपसी सहमतीबाट यस सम्झौतामा आवश्यकता अनुसार थपघट वा परिवर्तन गर्न सकिनेछ र यस्तो परिवर्तित शर्त तथा बन्देजहरु यस सम्झौताको अभिन्न अगं मानिनेछ ।

१८) यस सम्झौताको व्याख्या वा कार्यान्वयन सम्वन्धमा कुनै बिबाद सिर्जना भएमा आपसी छलफलबाट सामाधान गरिनेछ । आपसी छलफलबाट पनि बिबाद समाधान हुन नसकेमा नेपाल धितोपत्र बोर्डको मध्यस्थतामा विवादको समाधान गरिनेछ। नेपाल धितोपत्र बार्डको मध्यस्थताबाट पनि विवाद समाधान हुन नसकेमा मुलुकी देवानी संहिता, २०७४ बमोजिम गरिनेछ ।

| प्रथम पक्षको तर्फबाट | द्वितीय पक्षको तर्फबाट |
| --- | --- |
| दस्तखत : | दस्तखत : |
| नाम : श्री सचिन्द्र दुङ्गाना । | नाम : श्री विष्णु प्रसाद ढकाल |
| पद : नायव प्रमुख कार्यकारी अधिकृत | पद : प्रमुख कार्यकारी अधिकृत |
| साक्षी : | साक्षी : |
| १) श्री अनिल पन्थी | १) श्री राम प्रसाद सापकोटा |

NIMB ACE CAPITAL
(Wholly Owned Subsidiary of Nepal Investment Mega Bank Ltd)

जनपद लघुवित्त वित्तीय संस्था लिमिटेड २०७३

ईति सम्बत् २०८२ साल बैशाख महिना २४ गते रोज ४ शुभम् ।